**संविधानसभा**

**संविधान अभिलेख अध्ययन तथा निक्यौल समिति**

**तत्कालीन राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनमा भएको असहमतिको निर्क्यौल सम्बन्धी प्रतिवेदन,२०७१**

| सि.नं /धारा | विषयवस्तु | असहमति भएका विषय | समितिको निर्क्यौल | कैफियत |
|---|---|---|---|---|
| **५.** | **नागरिकको कर्तव्य :** | (३) देशको रक्षाको लागि सरकारले आवश्यक परेको समयमा १८ वर्ष उमेर पुगेका नागरिकलाई सैनिक तालिमको लागि आव्हान गर्न सक्नेछ र सो बमोजिम तालिममा भाग लिई राष्ट्रलाई सेवा प्रदान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ । | उपधारा (३) विवादित रहेकोले संवैधानिक-राजनीतिक सम्बाद तथा सहमति समितिमा पठाउने । | **उपधारा (३) सँग रहेको प्रश्नावली:** उपधारा (३) मा रहको व्यवस्था राख्ने कि नराख्ने ? |

## अनुसूची-
## संविधानसभाबाट संवैधानिक समितिलाई दिएका सुझाव एवं निर्देशनहरु

### राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनको सम्बन्धमा

**मिति २०६७/१०/१२**

१. राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनसाथ संलग्न प्रारम्भिक मस्यौदाको क्र.सं. १, २, १०, १७, १९ र २० मा रहेका विषयहरु संवैधानिक समितिको कार्यक्षेत्रमा पर्ने देखिएको, क्र.सं. ४, ५, ६, ७ र ८ मा रहेका विषयहरु मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्रभित्र पर्ने देखिएको र क्र.स. १८ रहेको विषय राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समितिको कार्यक्षेत्रभित्र पर्ने देखिन्छ । राष्ट्रिय हितको संरक्षण समितिको मस्यौदामा समितिको दृष्टिले सम्बन्धित भागमा राख्न सिफारिस गरिएका विषयलाई संवैधानिक समितिले महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा ग्रहण गरी सम्बन्धित विषयलाई पूर्णता दिने क्रममा ध्यान दिने ।

२. मस्यौदाको क्र.सं. ३ को राष्ट्रिय हित सम्बन्धी व्यवस्थामा राष्ट्रिय हितका आधारभूत विषय सहितको परिभाषा मात्र समावेश गर्न उपयुक्त हुने भएकोले हालको मस्यौदाको पहिलो हरफमा रहेको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डता पछि "राष्ट्रिय स्वाधिनता" भन्ने शब्दहरु थप गर्ने, दोस्रो हरफमा रहेको राष्ट्रको स्वतन्त्रता पछि "राष्ट्रिय एकता सबै नेपालीको हक, हित र स्वाभिमानको संरक्षण" भन्ने शब्दहरु थप गर्ने, नवौं हरफमा रहेको जाति पछि "धर्म" शब्द थप गर्ने, एघारौं हरफको समतामूलक समाजको निर्माण गर्ने पछि "नेपाली श्रम र पूँजीको संरक्षण, खाद्य सुरक्षा, उर्जा सुरक्षा र स्वच्छ पानीको संरक्षण गर्ने" भन्ने शब्दहरु थप गरी सो भावना प्रतिविम्वित हुने गरी मस्यौदा गर्ने। साथै हालको मस्यौदाको दोस्रो र तेस्रो हरफमा रहेको "पहिचान, सहमति र सहकार्यको आधारमा राष्ट्रिय एकता" भन्ने शब्दहरु, आठौं हरफमा रहेको "यातायात, सूचना र प्रविधिको विकास" भन्ने शब्दहरु, व्याख्यात्मक टिप्पणीको सातौं हरफमा रहेको "र यसको ठोस परिभाषा समेत गर्न कठिन" भन्ने शब्दहरु राख्न आवश्यक नभएकोले हटाउने ।

३. मस्यौदाको क्र.सं ११ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने :

(२) "प्रदेशको सूचीकृत क्षेत्राधिकारको विषयमा सन्धि वा सम्झौता गर्दा केन्द्रले प्रदेशको सहमति लिनुपर्नेछ । "

४. मस्यौदाको क्र.सं ११ को उपधारा (३) मा रहेको व्यवस्था अन्तर्राष्ट्रिय सन्धि सम्बन्धी शीर्षकमा नराखी संविधानको अन्य उपयुक्त स्थानमा राख्ने ।

५. क्र.सं. १२ मा सन्धि सम्पन्न गर्न नसकिने विषयको नकारात्मक सूची राखिएकोमा संविधानमा त्यस्तो सूची राख्न आवश्यक नरहेको, यो बुंदामा उल्लिखित खण्ड (क) को व्यवस्थालाई मात्र क्र.सं. १३ को व्यवस्था अन्तर्गत उपधारा (३) पछि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(४) अनुरुपको भाषा र तरिकाले अलगै उपधारामा राख्ने ।

६. क्र.सं. १३ को उपधारा (२) को पाँचौ हरफमा रहेको "तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको" भन्ने शब्दहरुको सट्टामा "उपस्थित सदस्यहरुको" भन्ने शब्दहरु राख्ने र उपधारा (३) र (४) लाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १५६ मा भए सरहको व्यवस्था अनुरुप मस्यौदा गरी अरु विषयहरु सन्धि सम्बन्धमा विधायिकाबाट निर्मित कानूनले नियमित गर्ने गरी आवश्यक क्रम मिलाई राख्ने ।

७. क्र.सं. १४.मा रहेको व्यवस्था संविधानमा राख्न उपयुक्त नहुने हुँदा उक्त व्यवस्था विधायिकाबाट निर्मित कानूनले नियमित गर्ने गरी राख्ने ।

८. क्र.सं.१५. को व्यवस्था संविधानमा उल्लेख गर्नु पर्ने महत्वको नभएकोले सन्धि सम्बन्धी विधायिका निर्मित कानुन वा विधायिकाको कार्यविधि सम्बन्धी नियमावलीबाटै व्यवस्थित हुन सक्ने कारणले संविधानमा समावेश गर्न नपर्ने ।

९. क्र.सं. २१ मा रहेको नेपालको अन्तर्राष्ट्रिय सिमाना सम्बन्धी व्यवस्थाको लागि उपधारा (१) को व्यवस्था पर्याप्त रहेकोले उपधारा (२) आवश्यक नपर्ने, साथै यो उपधारा (२) मा उल्लेख भएको कुरा अवधारणा पत्र र व्याख्यात्मक टिप्पणीबाट नै स्पष्ट भई रहेको छ । क्र.सं. २१ को व्याख्यात्मक टिप्पणीको पेज १९ को तेस्रो हरफमा रहेको "सन् १८७५ को सन्धि" भन्ने शब्द पछि "लगायत" भन्ने शब्द थप गर्दा कुनै ऐतिहासिक दस्तावेज यहाँ उल्लेख गर्न छुट भएको भएपनि सबैलाई आधार लिएर सिमाना व्यवस्थापन गर्न सकिने हुनाले सोही बमोजिम परिमार्जन गर्ने ।

१०. क्र.सं. २२ मा रहेको राष्ट्रिय सुरक्षा परिषद सम्बन्धी व्यवस्थाको उपधारा (१) को तेस्रो हरफमा रहेको सेनाको परिचालन पछि कमा (,) राख्ने र "नियन्त्रण" भन्ने शब्द थप गर्ने,

११. सोही उपधाराको खण्ड (च) आवश्यक नरहेकोले हटाउने ।

१२. सोही क्र.सं.को उपधारा (२) र (४) मा रहेको विषय कानूनद्वारा व्यवस्थित हुने विषय भएकोले संविधानमा राखिरहन नपर्ने ।

१३. सोही क्र.सं.को उपधारा (३) मा रहेको विषयलाई देहाय बमोजिम परिमार्जन गरी उपधाराको क्रम मिलाउने - "रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषद्को सचिव भई काम गर्नेछ"

१४. सोही क्र.सं.को अन्त्यमा देहायको उपधारा थप गर्नु आवश्यक देखिएको ।

"(३) राष्ट्रिय सुरक्षा परिषदले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुख समक्ष पेश गर्नेछ र निजले उक्त प्रतिवेदन मन्त्रिपरिषद् मार्फत व्यवस्थापिका समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।"

१५. क्र.सं. २४ मा रहेको नेपाली राष्ट्रिय सेना सम्बन्धी व्यवस्थाको उपधारा (१) को व्यवस्थाको सट्टा देहाय वमोजिमको व्यवस्थाहरु गर्न उपयुक्त हुने :

"(१) देशको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षाका लागि लोकतान्त्रिक सिद्धान्तप्रति प्रतिवद्ध समानुपातिक, समावेशी र राष्ट्रिय स्वरुपको नेपाली सेनाको एक संगठन रहनेछ ।"

१६. सोही क्र.सं.को उपधारा (१) पछि देहायका उपधारा (२) र (३) थप गरी उपधाराको क्रम मिलाउने :-

"(२) नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्न र समावेशी बनाउन मधेशी, आदिवासी जनजाती, दलित, महिला, पिछडिएका क्षेत्र लगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानूनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ ।

(३) नेपाल सरकारले नेपाली सेनालाई कानूनमा व्यवस्था भए बमोजिमको विकास निर्माण र प्राकृतिक प्रकोप नियन्त्रण लगायतका अन्य कार्यमा समेत लगाउन सक्नेछ ।"

१७. सोही क्र.सं.को उपधारा (२) मा २ वटा अलग अलग विषय एकै स्थानमा रहेकोमा नेपाली सेना लोकतान्त्रिक सिद्धान्तप्रति प्रतिवद्ध, सहभागितामूलक तथा समावेशी स्वरुपको हुनु पर्ने विषय उपधारा (१) मा नै समावेश भई सकेको र शिविरमा रहेका लडाकु (जनमुक्ति सेना) को १२ बुँदे समझदारी र वृहत शान्ति सम्झौताको आधारमा पुनःस्थापन, व्यवस्थापन र समायोजन सम्बन्धी विषय टुङ्गो लाग्न बाँकी रहेकोले सो विषय टुङ्गो लागे बमोजिम गर्ने गरी यो उपधारा हटाउने ।

१८. सोही क्र.सं.को उपधारा (४) मा प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्ने व्यवस्था राख्ने ।

१९. सोही क्र.सं.को उपधारा (५) मा प्रधानसेनापतिको पदमुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्ने व्यवस्था राख्ने ।

२०. सोही क्र.सं.को उपधारा (६) को व्यवस्था सि.नं. २२ (१) को राष्ट्रिय सुरक्षा परिषद सम्बन्धी व्यवस्थामा समावेश भैसकेकोले राखिरहन नपर्ने ।

२१. सोही क्र.सं.को उपधारा (७) को अन्त्यमा रहेको "केन्द्रिय व्यवस्थापिकाको विशेष सुरक्षा समितिमा" भन्ने शब्दहरुको सट्टा "संघीय व्यवस्थापिकामा" भन्ने शब्दहरु राखी उपधाराहरुको क्रम मिलाउने ।

२२. क्र.सं. २५, २६, २७ र २८ मा रहेका अर्ध सैनिक बल, गुप्तचर संगठन, प्रहरी सम्बन्धी व्यवस्था र सरकारप्रति उत्तरदायी रहने भन्ने व्यवस्थाहरुको मस्यौदामा रहे जस्तो अलग अलग विस्तृत व्यवस्था संविधानमा रहनु पर्ने देखिदैन । त्यसको सट्टामा एउटै बुँदामा देहायको व्यवस्था र व्याख्यात्मक टिप्पणी राख्नु पर्याप्त हुने,-

| क्र.स. | विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था |
|---|---|---|
| २५ | **नेपाल प्रहरी, अर्धसैनिक बल र गुप्तचर संगठन सम्बन्धी व्यवस्थाः** | (१) केन्द्रमा संघीय प्रहरी, संघीय अर्धसैनिक बल र संघीय गुप्तचर संस्थाको संगठन रहनेछ ।<br>(२) प्रत्येक संघीय ईकाईमा प्रहरी संगठन रहनेछ ।<br>(३) सुरक्षा निकाय सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए वमोजिम हुनेछ । |

## अनुसूची
## संविधान सभा
## राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन अध्ययन उप-समितिका सदस्यहरु

| | | | |
|---|---|---|---|
| १ | मा.श्री रविन्द्र अधिकारी - संयोजक | ७ | मा.श्री पार्वत गुरुङ |
| २ | मा.श्री गंगा लाल तुलाधर | ८ | मा.श्री बादशाह कुर्मी |
| ३ | मा.श्री टेक बहादुर बस्नेत | ९ | मा.श्री भरत कुमार शाह |
| ४ | मा.श्री डम्बरध्वज तुम्बाहाम्फे | १० | मा.श्री विक्रम बहादुर थापा |
| ५ | मा.श्री ध्रुव वाग्ले | ११ | मा.श्री विमल कुमार केडिया |
| ६ | मा.श्री नारायण प्रकाश साउद | १२ | मा. श्री शिवचन्द्र चौधरी |